# भ्रष्टाचार विरोधी नीति

## १. जालसाजी तथा भ्रष्टाचार निवारण

एशियाली आदिवासीहरुको साझा मञ्च (एआइपीपी) का आफ्नै विधान, अधिनियम एवं मान्यताहरु नै भ्रष्टचार विरुद्ध शुन्य सहनशीलताको नीतिको आधारशिला हुनेछन् । यो नीतिले एआइपीपीका अधिकारी एवं कर्मचारीहरुका उचित तथा अनुचित व्यवहारको पहिचान गर्दछ र यसका सदस्य संस्था लगायत यससँग प्रत्यक्ष परियोजना साझेदारी भएका संघसंस्थाहरुमा भ्रष्टचार विरोधी शुन्य सहनशीलताको कानुनलाई सुनिश्चित गर्दछ । यस अन्तर्गत कुनै व्यक्ति, निजी क्षेत्र वा सार्बजनिक क्षेत्रबाट प्रदान गरिने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनले वर्जित गरेका अनुचित रकम, उपहार वा परितोष लिने विषय पर्दछन् । यो नीति कुनै पनि सरकार र त्योसँग सम्बन्धित निकायहरुसँग गरिने कामकाजमा समेत लागु हुन्छ । एआइपीपीको यो नीति कार्यकारी परिषदको आवश्यकता र सहमती वा यो नीतिलाई थप सान्दर्भिक र प्रभावकारी बनाउने उद्धेश्यले सदस्यहरुको सामान्य बहुमतको आधारमा परिमार्जन गर्न सकिनेछ । सबै सदस्य, साझेदार तथा कर्मचारीहरु यो नीतिसँग सहमत हुनु अनिवार्य छ ।

### १.१. एआइपीपीमा भ्रष्टाचार विरोधी नीति

भ्रष्टाचार विरोधी नीति समग्र एआइपीपी सञ्चालन प्रणालीको अभिन्न अंग हो ।

#### १.१.१.नीतिको उद्धेश्य

यस नीतिको मुख्य उद्वेश्य भ्रष्टचार विरोधी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति तथा कानुनका आधारमा भ्रष्टचार विरुद्ध लड्ने विधिलाई प्रोत्साहित एवं सुदृढ गर्दै एआइपीपीभित्र प्रभावकारी र परिणामदायी जवाफदेहिता र पारदर्शिता सुनिश्चित गर्नु हो ।

#### १.१.२. परिभाषा र क्षेत्र

यसमा उल्लेखित भ्रष्टाचार विरुद्धको परिभाषा अन्तर्राष्ट्रिय वित्तिय संघसंस्थाहरुको आम प्रचलनमा आधारित छ ।

- “घुस” को अर्थ निहित स्वार्थपूर्तिको लागि अर्को पक्षको निर्णय वा कामलाई प्रभावित गर्ने उद्वेश्यले खास मूल्य भएको कुनै चिजबस्तुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लिने, दिने वा माग्ने काम हो । मूल्य भएको बस्तुमा नगद, उपहार तथा नजराना पर्दछन् ।
- “भ्रष्ट व्यवहारको” को अर्थ निजी तथा व्यापार क्षेत्रमा वा सार्बजनिक सेवाको क्षेत्रमा सुशासन तथा विधिको शासनलाई नजरअन्दाज गर्दै व्यक्तिगत लाभ वा आय आर्जनको उद्वेश्यले आफूलाई प्रदत्त अधिकारको दुरुपयोग गर्नु हो ।
- “सहजीकरण रकम” को अर्थ सरकारी कर्मचारी वा कुनै अर्को पक्षले कुनै काम र कामको तौरतरिकालाई सहज एवं छिटो पार्न सघाए वापत दिइने सानोतिनो रकम हो ।

- “जालसाजी” को अर्थ अर्को पक्षलाई धोका दिने उद्धेश्यले अभिप्रेरित भई अनुचित आर्थिक लाभ हासिल गर्नु वा कुनै किसिमको फाइदा लिनु वा आफ्नो दायित्वबाट विमुख हुनु हो ।
- “मिलिमतो” को अर्थ तेश्रो पक्षलाई जानकरीनै नदिई उसको कामकारवाहीलाई अनुचित किसिमले प्रभावित गर्ने उद्धेश्यले कुनै दुई वा भन्दा बढी निकायबीच हुने गोप्य सम्झौता वा वन्दोवस्त हो ।
- “जबरजस्ती।” भन्नाले कुनै पक्षको कामकारवाहीलाई अनुचित ढंगले प्रभावित गर्न उक्त पक्षको सम्पत्ति वा निकटतम व्यक्तिलाई प्रत्यक्ष वा अप्रत्यक्ष ढंगले शारिरीक क्षति पुरयाउनु, हानीनोक्सानी गर्नु या अंगभंग र हानीनोक्सानीको धम्की दिनु हो ।
- “कारवाही” भन्नाले एआइपीपीको कर्मचारी वा कुनै निकायले एआइपीपीको नीति उल्लंघन गरेको वा नीति विरुद्ध क्रियाकलाप गरेको खुलासा भएपछि गरिने कारवाही हो ।
- “सुराकी” को अर्थ एआइपीपी सम्बद्ध अधिकारीलाई प्रत्यक्ष वा गोप्य सम्पर्क गरी एआइपीपीद्वारा सञ्चालित जुनसुकै गतिविधि, परियोजना वा कार्यक्रममा भएका भ्रष्टाचारको खुलासा गर्ने व्यक्ति हो ।
- “सुराकी संरक्षण” को अर्थ एआइपीपी सञ्चालनमा हुने भ्रष्टचार एवं जालसाजीको खुलासा गर्ने व्यक्तिलाई कारवाहीबाट जोगाउन सुनिश्चित गरिने उपायहरु हुन् ।

माथि परिभाषित भ्रष्टाचार, जालसाजी, जबरजस्ती तथा गोप्य सहमतीकर्ताको क्षेत्रभित्र नसमेटिने एआइपीपीका कर्मचारी तथा परामर्शदाताहरुको नैतिक आचरण तथा कार्यविधिसम्बन्धी त्रुटीहरु, उदाहरणका लागि हैरानी, अव्यवस्थापन, अनादरपूर्ण व्यवहार, कानुनी उल्लंघन एवं जालसाजी, भ्रष्टचार, बलजफ्ती तथा गोप्य सहमतीविहिन सम्झौतादायी दायित्व जस्ता विषय यो नीतिको क्षेत्रभित्र समेटिदैनन् । तथापी यसप्रकारका त्रुटीहरुको उचित कानुनी उपचार एवं जरिवानाका लागि एआइपीपीका अन्य नीति तथा अभ्यासहरु भने प्रयुक्त रहने छन् ।

## १.२. एआइपीपी कर्मचारी, व्यक्ति तथा परियोजना साझेदार

एआइपीपीले आफ्नो अनुसन्धान प्रक्रियामार्फत कुनै कर्मचारी, परामर्शदाता वा परियोजना साझेदारहरु जालसाजी, भ्रष्टाचार, गोप्य सहमती वा बलजफ्ती जस्ता काममा संलग्न भएको ठहर गरेमा एआइपीपीले शुन्य सहनशिलताको नीति अवलम्बन गर्नेछ । एआइपीपीले सुन्य सहनशीलताको निति अन्तर्गत क्षेत्राधिकारभित्र पर्ने सबै आरोपहरु उपर अनुसन्धान गर्ने छ र त्यसता आरोपहरु प्रमाणित भएमा उचित कारवाही गर्ने छ । एआइपीपीले यस प्रकारका मुद्धाहरुमा प्रयुक्त नियम कानुन एवं सम्झौताको प्रावधान अनुसार अनुशासनका सम्पूर्ण विधि एवं कारवाही प्रक्रिया अवलम्बन गर्नेछ । यी विधि अन्तगर्त पक्राउ पूर्जी जारी गर्नु पर्ने देखिएमा सम्बन्धित मुलुकका सम्बन्धित निकायको सहयोग समेत लिइने छ । कुनै ठाउँमा यस्ता व्यक्तिहरु अर्कै निकायबाट नियुक्त भएको अवस्थामा सम्बन्धित निकायले एआइपीपीको नीति अनुकुल यथोचित कारवाही गरोस् भन्ने सुनिश्चित गर्न सम्भाव्य सबै पहलकदमी लिनेछ एआइपीपीले जालसाजी, भ्रष्टाचार, मिलिमतो तथा जबरजस्तिमा संलग्न आफ्ना कर्मचारी, परामर्शदाता, परियोजनाका भागिदार तथा सरकारी लेनदेनको रोकथाम, अनुसन्धान एवं पहिचानको सुनिश्चित गर्न आफ्नो अन्तर्राष्ट्रिय नियन्त्रणमा सुधार ल्याउने प्रयासलाई जारी राख्नेछ । यसले आफ्ना परियोजना तथा गतिविधि सञ्चालनको क्रममा देखा परेका भ्रष्ट एवं अनुचित क्रियाकलाप गर्ने मानिसको बारेमा जानकारी पेश गर्ने व्यक्ति वा निकायलाई कारवाही हुनबाट जोगाउन सम्भाव्य सबै प्रयास गर्नेछ ।

## १.३. अनुसन्धान तथा निवारण

संगठन सञ्चालनका लागि जालसाजी तथा भ्रष्टचार विरुद्धको आन्तरिक नियन्त्रणको ढाँचा यस संगठनको प्रमूख रक्षाकवच हो । यस सन्दर्भमा अनियमितता निवारण र त्यसको अनुसन्धानको लागि अवलम्बन गरिएको एआइपीपीको नियन्त्रण प्रक्रिया यसको सञ्चालन पद्धति, बदलिदो समय र आकस्मिक आवश्यकताको  क्रममा विकसित भएका छन् । सदस्य तथा सञ्जालसँग बढ्दो एआइपीपी परियोजनाको विस्तार, विस्तार हुँदै गइरहेको यसको क्षेत्रगत उपस्थिति तथा परामर्शदाताहरुको बढ्दो संख्याले हालैका वर्षहरुमा यसको नियन्त्रण प्रक्रियालाई थप सुदृढ बनाएको छ ।

एआइपीपीका नीति-नियम, कानुनी उपाय तथा नियन्त्रण प्रक्रिया (आर्थिक व्यवस्थापनको आन्तरिक परिक्षण तथा सन्तुलन र वाह्य लेखापरिक्षण सहित) ले यसका कर्मचारी, परामर्शदाता र परियोजना भागिदारहरुको उचित आचरणगत सीमारेखालाई परिभाषित र कार्यान्वयन गर्दछ र जालसाजी एवं भ्रष्टाचारका घटनाको अनुसन्धान तथा निवारण गर्दछ । हाल कायम कार्यान्वयनमा रहेको निवारण तथा अनुसन्धानको प्रारुप खासगरी हालै थालिएका पहलकदमीको श्रृंखलाबाट निर्माण भएको छ । प्रशासनिक व्यवस्थापन प्रणालीलाई  सुव्यवस्थित गर्न तथा कर्मचारी र कार्यविधि निरिक्षण नीतिमा सुधार ल्याउने उद्धेश्यले  थालिएको पहलकदमी -२०१३ ले क्षमता-आधारित भर्ना प्रक्रिया, कार्यसम्पादनमा नयाँशैलीको मूल्यांकन प्रक्रिया, प्रशिक्षण, क्षमता निर्माण तथा परिमार्जित मानव श्रोत व्यवस्थापनले थप नैतिक एवं जिम्मेवारीसहितको सामुहिक संस्कारलाई मूर्तिकृत गर्दै एआइपीपी कर्मचारीका लागि स्पष्ट परिभाषा सहितको स्वीकार्य नैतिक व्यवहारको एआइपीपी विशेष सीमारेखा कोरिरहेको छ ।  ती सबै २०१३ मा जारी एआइपीपीको क्षेत्रीय सचिवालयको संसोधित संचालन निर्देशिकाका विशिष्ट आधारहरु हुन् । आर्थिक व्यवस्थापनमा क्षमता अभिबृद्धिकरण लगायत संसोधित आर्थिक व्यवस्थापन नीति, मार्गनिर्देशिका र एआइपीपीका कर्मचारी एवं परियोजना साझेदारहरुका लागि तालिम तयार पारिएको निर्देशिकाले लेनदेन पक्रियालाई थप पारदर्शी बनाउनुका साथै सहज सूचना पहुँचको क्षमतालाई अभिबृद्धि गर्दै आर्थिक अनुशासन तथा खरिद प्रक्रियामा प्रभावकारी नियमितता कायम गरेको छ । एआइपीपीले कर्मचारीहरुबाट हुने सम्पति दुरुपयोग, तोड्फोड् तथा हानीनोक्सानी सम्बन्धी समस्या समाधानका लागि उत्तरदायी व्यवस्थापन खाका समेत लागु गरेको छ ।

## १.४. थप कदम

प्रभावकारी परिक्षण र सन्तुलन कायम भएको समाज र संघसंस्थामा पनि भ्रष्टाचारप्रतिको आकर्षण जिवितै रहेको हुन्छ । उचित निरिक्षण र प्रभावकारी भ्रष्टाचार विरोधी उपायको अवलम्बन भएन भने भ्रष्टाचारले जहाँसुकै पनि जरा गाड्न सक्छ ।  हालैका दिनमा भएका सुधारहरुलाई दृष्टिगत गर्दै एआइपीपी आगामी दिनमा शुन्यसहनशीलताको पूर्ण कार्यान्वयन तथा परिक्षण र सन्तुलनको सुनिश्चिताका लागि यस्तो नियन्त्रण र भ्रष्टाचार विरोधी उपायहरुको थप विकास गरिन आवश्यक छ भन्ने कुरामा सहमत छ । यस अन्तर्गत एआइपीपीका सदस्य, कर्मचारी, परियोजना साझेदार तथा सम्बद्ध व्यक्तिलाई स्पष्ट निर्देशन जारी गरी उक्त नीतिहरुलाई कानुनी तथा कार्यविधि दस्तावेजमा सामेल (यस्तो नभएको स्थितिमा) गरिने छ ।

### १.५. जवाफदेहिता/उत्तरदायीत्व


भ्रष्टाचार विरोधि नीति कार्यान्वयनको निरीक्षण गर्ने समग्र दायित्व कार्यकारी परिषदसमा रहने छ । खासगरी एआइपीपी सचिवालयको भ्रष्टाचार विरोधी नीति कार्यान्वयनको निरीक्षणको दायित्व अध्यक्षमा हुनेछ । त्यसैगरी, एआइपीपीका साझेदार संघसंस्थाका प्रमुखहरुनै आफ्ना संघसंस्थाहरुमा भ्रष्टाचार विरोधी नीतिको कार्यान्वयनको निरीक्षणका लागि उत्तरदायी हुनेछन् ।

### १.६. सूचना तथा अभिमुखीकरण तालिम

भ्रष्टाचार विरोधी नीतिको उचित अवलम्बनका लागि यो नीतिको सम्बन्धमा एआइपीपीका सम्पूर्ण सदस्य, साझेदार तथा कर्मचारीहरुलाई सुचित गराइने छ । आवश्यक परेमा एआइपीपीका सदस्य, साझेदार तथा कर्मचारीहरुले यस नीतिलाई आफ्नो राष्ट्रिय भाषामा समेत अनुवाद गर्न सक्ने छन् । सम्भव भएसम्म परियोजनाका साझेदार, सदस्य तथा कर्मचारीहरुलाई प्रारम्भिक कार्यशाला तथा बैठकहरुहमा भ्रष्टाचार विरोधी नीति सम्बन्धमा अभिमुखीकरण तालिम प्रदान गरिनेछ । भ्रष्टाचार विरोधी नीति एआइपीपीको वेबसाइटमा उपलब्ध हुनेछ र वार्षिक प्रतिवेदनहमा समेत प्रकाशन गरिने छ ।

### १.७. भ्रष्टाचार विरोधी नीतिको कार्यन्वयन

*फिगरः* एआइपीपीमा भ्रष्टाचार विरोधि नीति कार्यक्रमको चार्ट



### १.७.१. उजुरीका माध्यम

आर्थिक जालसाजी, घुस तथा भ्रष्टाचारसम्बन्धी गुनासाहरुलाई एआइपीपीद्धारा स्थापित विश्वसनीय माध्यममार्फत सोझै एआइपीपीको सल्लाहकार समितिका अध्यक्षलाई जानकारी दिइनु पर्दछ । यस्तो जानकारी दिने व्यक्तिको गोप्यताको सम्मान र सुरक्षा गरिने छ । विश्वसनीय विबरण प्राप्त गर्ने उद्धेश्यले सूचनाको निम्न माध्यमको स्थापना गरिनेछ ।

भरपर्दो विवरण प्राप्तिका उद्धेश्यले एआइपीपीको सल्लाहाकार समितिका अध्यक्षले सञ्चालन र व्यवस्थित गर्ने गरी एउटा विश्वसनीय भ्रष्टाचार विरोधी हटलाईन तथा इमेलको व्यवस्था गरिएको छ । उक्त हटलाईन तथा इमेलको माध्यमबाट एआइपीपी सल्लाहाकार समितिका अध्यक्षलाई भ्रष्टचारका सबै घटना र कुनै पनि आरोप सम्बन्धी सूचना दिन सकिने छ । परामर्श प्रक्रियामा अध्यक्षले दुई देखि तीनजना सल्लाहकार समितिका सदस्यलाई शरिक गर्न सक्नेछन् । टेलिफोन नम्बर तथा इमेल ठेगाना सचिवालय सदस्य, साझेदार तथा एआइपीपी सदस्यहरुलाई वितरण गरिनेछ । यसलाई वार्षिक विवरण, वेबसाइट तथा अन्य सामग्रीहरुमा समेत उल्लेख गरिनेछ । उक्त माध्यमहरुको सञ्चालनलाई सुरक्षित बनाउन विशेष उपायहरु अपनाइने छ ।

उजुरी विवरणका लागि एउटा साधारण खाका तयार पारिनेछ र त्यसलाई एआइपीपीका सदस्य तथा साझेदारहरुबीच वितरण गरिनुका साथै एआइपीपीको वेबसाइटमा समेत राखिनेछ । सुराकीहरुलाई स्वेच्छा र विवेकले मात्र आवश्यक सूचना प्रदानका लागि उक्त खाका प्रयोग गर्न प्रोत्साहित गरिन्छ । यो खाका एआइपीपीको अनुसन्धान समितिलाई सक्षम बनाउन आवश्यक सबै सूचना उपलब्ध गरी यसका गतिविधिहरुलाई निर्वाधरुपमा अघि बढाउन मद्दत पुगोस् भन्ने अभिप्रायले उपलब्ध गराइएको हो । अनुसन्धान समितिले अनुसन्धान प्रक्रियाको क्रममा थप सूचना खोज्न सक्ने छ ।

**उजुरीको लागिः**

इमेलः chupinit@gmail.com

मोबाइलः +६८९६८१३५३६

### १.७.२. अनुसन्धान समिति

भ्रष्टाचारको आरोप सम्बन्धि कुनै उजुरी प्राप्त भएमा वा भ्रष्टाचारमा संलग्न भएको आशंका लागेमा एआइपीपी सल्लाहकार समितिका अध्यक्षले सम्बन्धीत आरोपको परिक्षण वा मूल्यांकनका लागि अन्य सल्लाहकार सदस्यहरु (कम्तीमा ३ जना) सँग छलफल गर्ने छन् । सल्लाहकार समितिले भ्रष्टाचारको आरोप वैधानिक छ वा आरोपमा सत्यता छ भन्ने ठहर गरेमा अनुसन्धान समितिको निर्माण गरिनेछ । अनुसन्धान समिति उजुरी प्राप्त भएको दुई हप्ताभित्र बन्नेछ ।

**अनुसन्धान समितिको निर्माण**

एआइपीपी सल्लाहकार समितिका अध्यक्षको नेतृत्वमा निर्माण हुने अनुसन्धान समिति यस प्रकार हुने छ–

- सल्लाहकार समितिबाट कुनै तीनजना सदस्य

- इमान्दार कहलिएका दुईजना व्यक्ति
- एकजना वकिल (सल्लाहकार समितिले सिफारिस गरेको र गम्भीर कानुनी जटिलता सम्बन्धी अनुभव भएको)

### १.७.३. कारवाही समिति (कास)

एआइपीपी सल्लाहकार समितिबाट निर्धारित एवं कार्यकारी परिषदका सदस्य मध्येबाट पाँचसदस्यीय कारवाही समितिको निर्माण गरिने छ । एआइपीपीको सल्लाहकार समितिबाट निर्धारित व्यक्ति तथा कार्यकारी परिषद वा समितिका अन्य तीनजना सदस्यसहितको कारवाही समितिको नेतृत्व कार्यकारी परिषदका अध्यक्षले गर्ने छन् । कारवाही समितिले अनुसन्धानबाट प्राप्त तथ्यहरुको समिक्षा गरी दोषी पक्ष विरुद्ध गरिने उचित कारवाहीको निर्णय गर्ने छ ।

अनुसन्धान तथा कारवाहीमा आधारित रही कार्यकारी परिषदले भ्रष्ट व्यक्ति, कर्मचारी तथा संस्थालाई दोषमुताविक कारवाही गर्ने छ । कार्यकारी परिषदले विशेषगरी सचिवालयभित्र हुने भ्रष्टाचारका घटना विरुद्ध कारवाही गर्ने जिम्मेवारी महासचिवलाई सुम्पन सक्ने छ भने एआइपीपीका सदस्य तथा साझेदार विरुद्ध लिइने निर्णय र कारवाही, आवश्यक ठहरिएको हदसम्म, एस्जी तथा कार्यक्रम समितिको परामर्श लिई स्वयं आफैले गर्ने छ ।

धेरैजसो भ्रष्टाचारका मुद्धालाई कार्यकारी परिषद तथा एआइपीपीको सल्लाहकार समितिले आवश्यकता अनुसार एस्जी र सचिवालयको परामर्शमा आन्तरिक रुपमै समाधान गर्ने छ । तर भ्रष्टाचारको प्रकृति अदालतमा जानु पर्ने जस्तो गम्भिर र कानुनी प्रक्रियाको छ भने आवश्यकता अनुसार थप कानुनी सहायताको लागि विश्वसनीय वकिलको सहयोग लिइने छ ।

## १.८. उलंघनको परिणाम

सबै किसिमका भ्रष्टाचारमाथि अविलम्ब अनुसन्धान हुनेछ र दोषीउपर उचित कारवाही हुनेछ । उचित प्रक्रिया एवं कार्यविधिको अधिनस्थ रही एआइपीपीले दोषी प्रमाणित नभएसम्म आरोपित निर्दोष रहन्छ भन्ने सिद्धान्तलाई आत्मसाथ गर्नेछ । माथि परिभाषित भ्रष्टाचारको जुनसुकै स्वरुपमा दोषी प्रमाणित भएको एआइपीपीको कर्मचारीलाई अन्य कारवाहीका साथै भ्रष्टाचार निवारणका उद्धेश्यले एआइपीपीका सम्पूर्ण कर्मचारी, सदस्य तथा भागिदारहरुको बीचमा सार्बजनिक गरिनेछ ।

## १.९. प्रतिवेदन सम्प्रेशण

भ्रष्टाचार वा भ्रष्टाचारको आशंका भएका सबै घटनालाई त्यसको गाम्भिर्यता र क्षेत्र एवं तत्पश्चात गरिएको कारवाहीलाई समेत प्रतिवेदनमार्फत सम्प्रेशण गरिनेछ ।

## १.१०. गोपनीयता

एआइपीपीले उजुरी गर्ने वा सम्बन्धित निकायलाई गलत क्रियाकलापको विवरण दिने व्यक्तिको पहिचानका साथै आफूलाई प्राप्त सूचनालाई अत्यन्त गोप्यताका साथ राख्नेछ ।

एआइपीपी सद्भावपूर्बक जालसाजी वा भ्रष्टाचारको विवरण दिने वा अन्य कुनै किसिमबाट अनुसन्धान प्रक्रियालाई सघाउने सुराकीलाई सम्भाव्य प्रत्याक्रमण विरुद्ध शंरक्षण दिन प्रतिवद्ध छ । तर एआइपीपीले आफूलाई प्राप्त सूचना इर्ष्या वा दुराशयपूर्ण भएको ठहर गरेमा सम्बन्धित व्यक्तिलाई उचित कारवाही गर्नेछ ।

**एआइपीपीलाई के सम्बन्धी जानकारी दिइनुपर्छ ?**

एआइपीपीले आफ्नो सचिवालय सञ्चालन तथा परियोजना कार्यान्वयनको क्रममा हुने जालसाजी तथा भ्रष्टाचार सम्बन्धमा लागेका आरोपहरुको विषयमा अनुसन्धान गर्दछ ।

एआइपीपीलाई जानकारी दिनु पर्ने चासोका विषयहरुः

- एआइपीपीका कर्मचारीहरुले कुनै देशको कानुनको उल्लंघन हुने गरी कुनै सरकारी कर्मचारीलाई घुस वा उपहार दिने काम
- एआइपीपीका कर्मचारी, सदस्य र व्यक्ति वा परियोजना कार्यान्वयन गर्ने वा एआईपीपीसँग काम गर्ने निकायबाट हुने जालसाजी वा भ्रष्टाचार
- अनियमितताको आशंका भएका ठेक्का तथा एआइपीपीको खरिद निर्देशिकाको उल्लंघन
- किनमेलमा सघाएवापत दिइने अवैध रकम वा ठेक्कापट्टालाई प्रभावित गर्ने उद्धेश्यले दिइने वकस
- ठेक्का प्रदान गर्दा लिइने व्यक्तिगत लाभ वा जस
- व्यक्तिगत अनुग्रहको बदला लिइने वा दिइने अनुचित उपहार

आइपीपीका कर्मचारी सदस्य, एआइपीपीका सदस्य एवं साझेदारहरुले हटलाईन वा इमेलमार्फत सम्भाव्य जालसाजी तथा भ्रष्टाचारका मुद्धाहरुको यथासिघ्र जानकारी दिनु आवश्यक छ ।